# ३० औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिका तर्फबाट संयोजक श्री कान्छा भक्त घजूद्वारा प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन-२०८१



कान्छा भक्त घजू

सभाका सभाध्यक्ष महोदय,
प्रमुख अतिथिज्यू, अतिथि वर्ग, सहकारीकर्मी मित्रहरु,
संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति
विभिन्न उप-समितिका साथीहरु एवं
आदरणीय सदस्य महानुभावहरु,

सर्वप्रथम यस उपकार बचत तथा ऋण सहकारी संस्था लि.को गत बर्ष सम्पन्न २९ औं बार्षिक साधारण सभाबाट मलाई संस्थाको लेखा सुपरिवेक्षण समितिको संयोजक पदमा निर्विरोध निर्वाचित गर्नु भएकोमा सम्पूर्ण आदरणीय सदस्य महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। लेखा सुपरिवेक्षण समितिको संयोजकको हैसियतले आजको यस सम्मानीत ३० औं बार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हर्षित छु।

हाम्रो समिपमा आई रहेको महान पर्व विजया दशमी, मोहनी नखः, दिपावली, स्वन्ति नखः तथा नेपालको मौलिक सम्बत् नेपाल सम्बत् ११४५ नयाँ बर्षको उपलक्ष्यमा संस्थाका समस्त सदस्यज्यूहरुको उत्तरोत्तर प्रगति, सुख, समृद्धिको लागि अग्रीम रुपमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्न चाहन्छु।

देशमा नयाँ संविधान जारी भएसँगै राज्यले अबलम्बन गर्ने नीतिहरुमा पनि परिवर्तन भएको छ। नेपालको संविधानको धारा ५१ मा "राज्यका नीतिहरु' व्यवस्था गरेको छ र धारा ५१ (घ) मा अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिको (१) मा 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने' व्यवस्था गरी देशको आर्थिक विकासमा सहकारी सहित तीन खम्बे आर्थिक नीति अवलम्बन गर्ने परिकल्पना नेपालको संविधानले गरेको छ। यस अनुसार सहकारी क्षेत्रको विकासका लागि सरकारी तवरबाट प्रोत्साहित गर्नु पर्नेमा सहकारी ऐन विपरित कर बृद्धि गरेको छ।

सहकारी ऐन २०७४ को दफा १४१ नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाका सहकारी संस्थाहरुलाई क्रमशः ५%, ७% र १०% कर लाग्ने व्यवस्था गरेको छ। सहकारी ऐनमा भएको यस व्यवस्था विपरित नगरपालिका, उप-महानगरपालिका र महानगर पालिकाका भित्रका सहकारी संस्थाहरुलाई आ.ब. २०८०/०८१ देखि क्रमशः १०%, १५% र २०% कर लगाएको छ। साथै सदस्यहरुले बचत गरेको रकममा संस्थाले प्रदान गर्ने व्याजमा समेत कर बृद्धि गरी ६% कर लाग्ने व्यवस्था गरेको छ।

सहकारी ऐन २०७४ विपरित आय कर तथा व्याज कर बृद्धि भएको प्रति सहकारी अभियन्ताहरु, सहकारी अगुवाहरुको समेत ध्यान आकर्षन गर्न चाहन्छु र बृद्धि भएको आय करलाई सहकारी ऐनले तोकेको दरमा सिमित राख्न सहकारी अभियन्ताहरुले महत्वपूर्ण भूमिका खेल्नु हुनेछ भन्ने अपेक्षा गर्दछु।

संस्थाको लेखा सुपरिवेक्षण समितिलाई सहकारी ऐन २०७४ को दफा ४९ को उपदफा १ (च) ले "लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरिवेक्षण सम्बन्धी बार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने" व्यवस्था गरेको र सहकारी मापदण्ड २०६८ को दफा ११ (४) को अनुसूची - २ ले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ढाँचा समेत उल्लेख गरी साधारण सभा समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको छ। सोही अनुसार यस संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन आजको सम्मानीत ३० औं साधारण सभा समक्ष पेश गर्न चाहन्छु।

**अध्यक्ष महोदय,**

संस्थाको यस सम्मानीत ३० औं बार्षिक साधारण सभामा संस्थाको आ.व. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१. अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था :**

गत बर्ष मिति २०८० असोज ३ गते संविधान दिवसका दिन संस्थाको २९ औं बार्षिक साधारण सभा सम्पन्न भएको थियो। उक्त साधारण सभाले जयकृष्ण दुवालको अध्यक्षतामा एघार सदस्यीय सञ्चालक समिति र म कान्छा भक्त घजूको संयोजकत्वमा तीन सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्वाचित गर्दै सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र लेखा परिक्षकबाट प्रस्तुत बार्षिक प्रतिवेदनहरु, लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन लगायत विभिन्न १४ वटा निर्णयहरु पारित गरेको जानकारी गराउन चाहन्छु। गत साधारण सभाबाट गरिएका अधिकाँस निर्णयहरु कार्यान्वयन गरिएको र केही निर्णयहरु कार्यान्वयन गर्ने प्रयास गरेको पाईन्छ।

**२. आ.ब. २०८०/०८१ मा बसेको बैठक संख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था :**

संस्थाको गत आर्थिक बर्ष २०८०/०८१ मा सञ्चालक समितिको बैठक १३ पटक, लेखा सुपरिवेक्षण समितिको बैठक ४ पटक तथा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको संयुक्त बैठक ३ पटक बसेको छ। गत आ.ब.मा संस्थाको उप-समितिहरुको बैठक बढीमा तीन पटक मात्र बस्ने गरेको छ भने ऋण उप-समितिको बैठक भने बाइस पटक बसेको छ। सञ्चालक समितिको बैठकमा निर्णयहरु सर्वसम्मत पारित गरेको र पारित भएका अधिकाँस निर्णयहरु कार्यान्वयन भएको पाईयो भने केही निर्णयहरु कार्यान्वयन गर्ने प्रयास भएको देखियो।

**३. ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

संस्थामा लागू रहेको ऋण व्यवस्थापन नीति २०७६ बमोजिम संस्थाले ऋण लगानी गरेको छ। संस्थाको ऋण नीति बमोजिम बचतको दोब्बर वा पचास हजार सम्म मात्र विना धितो ऋण प्रदान गर्दै आएको देखिन्छ। सो भन्दा बढी रकममा ऋणहरु लगानी गर्दा अचल सम्पति धितो वा सदस्य जमानीमा मात्र लगानी गरेको देखियो। रू. पाँच लाखसम्म ऋण अधिकृतबाट, रू. दश लाखसम्म व्यवस्थापकबाट, रू. तीस लाखसम्मको ऋण, ऋण उप-समितिबाट स्वीकृत गर्ने गरी सञ्चालक समितिबाट अख्तियारी प्रदान गरेको र सो भन्दा बढीको ऋण सञ्चालक समितिबाट स्वीकृत गर्ने नीतिगत व्यवस्था रहेको पाईयो। साथै रु. दश लाख भन्दा बढीको ऋण माग सम्बन्धमा बाह्य धितो मूल्यांकनकर्ताबाट धितो मूल्यांकन गराउने

गरेको पाईयो भने दश लाख भन्दा कम ऋण माग भएमा संस्थाको ऋण उपसमितिबाट धितो मूल्याङ्कन गर्ने गरको पाईयो । धितोहरु मालपोत कार्यालयमा दृष्टिबन्धक पारित गरेको पाइयो । संस्थाका सञ्चालकहरु मध्ये एकै समयमा उनान्चास प्रतिशत भन्दा बढी सञ्चालकहरुले ऋण कारोबार गरेको पाइएन ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण :**

संस्था सहकारी ऐन नियम अनुसार नै सञ्चालन गरेको पाइयो । साथै सहकारी विभागबाट सहकारी संघसंस्थाहरुलाई जारी गरेको सहकारी मापदण्ड तथा समय समयमा जारी भएका निर्देशनहरु पालना गर्ने प्रयास गरेको पाइयो । साथै सहकारी विभागबाट लागू गरेको कोपोमिस प्रणालीमा आवद्ध भई नियमित रुपमा प्रतिवेदनहरु प्रविष्टी गर्ने र सदस्यहरुको विवरण भर्ने कार्य गरेको पाइयो । त्यसै गरी सहकारी विभागबाट जारी भएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७४ बमोजिम संस्थाका सदस्यहरुको व्यक्तिगत विवरणहरु अध्यावधिक गर्ने कार्य निरन्तर भई रहेको र कारोबार सम्बन्धी प्रतिवेदनहरु सम्बन्धित निकायहरुमा पठाउने गरेको पाइयो ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :**

गत आर्थिक बर्ष २०८०/०८१ मा सहकारी विभाग, कुनै पनि नियामक निकाय र संघहरुबाट यस संस्थाको अनुगमन गरेको पाइएन ।

**६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :**

संस्थाका अध्यक्षले यातायात तथा सञ्चार भत्ता लिएको । सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति, उप-समितिहरुले बैठक भत्ता बाहेक अन्य सुविधा नलिएको । कार्य कालमा एक पटक पोशाक भत्ता लिने गरेको छ । अरु भत्ता तथा सुविधा लिएको छैन ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :**

संस्थाले साधारण सभाबाट प्रत्यायोजित अख्तियार बमोजिम सञ्चालक समितिले मानव शंसाधन नीति बनाई लागू गरेको छ । मानव संशाधन नीतिलाई समय सापेक्ष परिमार्जन गर्ने गरेको पाइयो । संस्थाका सबै कर्मचारीहरुलाई मानव शंसाधन नीति बमोजिम नियुक्ति पत्र प्रदान गरेको र जिम्मेवारी प्रदान गरेको पाईन्छ ।

कार्यरत कर्मचारीबीच नीति बमोजिम जिम्मेवारी बाँडफाँड गर्ने गरेको पाईन्छ । संस्थामा लागू रहेको मानव शंसाधन नीतिमा तोके बमोजिम योग्यता व्यवस्थापन प्रमुख र अन्य कर्मचारीहरुमा रहेको छ । हाल संस्थामा स्वास्थ्यकेर्मी सहित करार - ५ र स्थायी ६ गरी जम्मा ११ जनाको व्यवस्थापन समूह रहेको छ । संस्थाको मानव संशाधन नीति बमोजिम संस्थाका वित्त तथा कार्यक्रम अधिकृत विरेन्द्र भक्त प्रधानाङ्गलाई उमेर हदका कारण अनिवार्य अवकाश दिइएको छ ।

**८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :**

सहकारी संस्थामा लेखा सुपरिवेक्षण समितिले संस्थामा दैनिक रुपमा भए गरेको नीतिगत, आर्थिक तथा अन्य कार्यहरुको निरिक्षण तथा अनुगमन गर्ने र त्यस सम्बन्धमा आवश्यक रचनात्मक सुझावहरु दिने